# स्थानीय राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: २ भाग : २ कार्यविधि संख्या (३) सभाबाट पारित मिति: २०७५/११/०१

# बुद्धशान्ति गाउँपालिका

गाउँसभाबाट जारी बुद्धशान्ति गाउँपालिकाको गाउँ खेलकुद सञ्चालन सम्बन्धि कार्यविधि, २०७५

**आज्ञाले,**

**छविलाल खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

## बुद्धशान्ति गाउँपालिकाको गाउा खेलकुद सञ्चालन सम्बन्धि कार्यविधि, २०७५

### प्रस्तावना :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि यूवाहरूलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई आर्जन गर्ने उद्देश्यलाई मुर्त रूप दिन वाञ्छनिय भएकोले गाउँ खेलकुद संचालन सम्बन्धि यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद – १
## नाम र परिभाषा

### १. संक्षिप्त नाम र प्रारम्भ:

यो कार्यविधिको नाम "गाउँ खेलकुद संचालन सम्बन्धि कार्यविधि, २०७५" रहनेछ । र यो कार्यविधि गाउँ सभाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषा :

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले बुद्धशान्ति गाउँपालिकाको संस्था दर्ता ऐन २०७५ सम्झनु पर्छ ।
ख. "कार्यविधि" भन्नाले "बुद्धशान्ति गाउँपालिका, गाउँ खेलकुद संचालन कार्यविधि, २०७५" भन्ने सम्झनु पर्दछ ।
ग. "गाउँ खेलकुद समिति" भन्नाले गाउँ कार्यपालिकाबाट गठीत गाउँ खेलकुद समिति भन्ने सम्झनु पर्दछ ।
घ. "खेलकुद प्रशिक्षण समिति" भन्नाले गाउँ खेलकुद सुमितिले गठन गरेको सम्बन्धित विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनुपर्छ ।
ङ. "टिम, क्लब, संघ, संस्था" भन्नाले बुद्धशान्ति गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका बुद्धशान्ति गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघ संस्थाहरू भन्ने सम्झनु पर्दछ ।
च. "खेलाडी" भन्नाले टिम, क्लब, संघ संस्थामा सम्बद्ध खेलाडी सम्झनु पर्छ ।
छ. "प्रशिक्षार्थी" भन्नाले बुद्धशान्ति गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारू खेलाडी भन्ने सम्झनु पर्छ ।
ज. "प्रशिक्षक" भन्नाले बुद्धशान्ति गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।
झ. "खेलकुद विकास कोष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनुपर्छ ।
ञ. "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ संस्थाहरूले आफ्नो टिम, क्लब, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरि प्रत्येक वर्ष गाउँपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।
ट. "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद – २
## उद्देश्य

### ३. गाउँ खेलकुद समितिका उद्देश्यहरू:

क. गाउँको कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा बृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,
ख. गाउँ क्षेत्रभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।
ग. स्वस्थ प्रतिसपर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरूक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।
घ. टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।
ङ. खेलकुदको माध्यमबाट गाउँवासीहरूलाई नागरिक भावना प्रति सचेत गराउने ।
च. खेलकुदमा महिला सहभागिता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने ।
छ. खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकाय

हरूलाई पनि सरिक गराउने ।

ज. खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने ।

झ. बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरूलाई समेत शारिरिक व्यायम खेलकुद व्यवस्था गर्न सहयोग पुऱ्याउने ।

ञ. बुद्धशान्ति गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

ट. टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने गराउने ।

ठ. गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरूमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ड. गाउँ खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरूलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद - ३
## गाउँ खेलकुद समितिको गठन र बैठक कार्यविधि

**४. गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक गाउँ खेलकुद समिति गठन गर्न सक्नेछ:**

| | | |
|---|---|---|
| क. | बुद्धशान्ति गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - | अध्यक्ष |
| ख. | कार्यपालिका सदस्य मध्ये १ महिला सहित २ - | सदस्य - २ जना |
| ग. | प्रत्येक वडा खेलकुद समितिका संयोजक - | सदस्य - ७ जना |
| घ. | गाउँ परिषद सदस्य मध्येबाट २ महिला सहित - | सदस्य - २ जना |
| ङ. | अध्यक्षले तोकेको कर्मचारी - | सदस्य सचिव । |

**५. गाउँ खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ र गाउँपालिकाबाट पून नियुक्ति हुन सक्नेछ ।**

**६. गाउँ खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।**

**७. अध्यक्षको काम, कर्तव्य र अधिकार:**

क. गाउँ खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य दायित्व अध्यक्षको हुनेछ ।

ख. खेलकुद प्रतियोगिताहरूको वार्षिक कार्ययोजना तयार गरी आयोजना संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग. राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ. गाउँ खेलकुद समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरू गर्ने ।

ङ. समितिले तोकेको अन्य कार्यहरू गर्ने र गराउने ।

**८. सदस्य सचिवको काम कर्तव्य र अधिकार:**

क. वैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

ख. बैठक माईन्यूटिङ उठाउने र बैठक संचालन सम्बन्धि आवश्यक काम गर्ने ।

**९. सदस्यहरूको काम कर्तव्य र अधिकार:**

क. समितिको बैठकमा उपस्थित हुने र नीति, योजना निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ख. समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

ग. विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लब संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा गाउँ खेलकुद समितिले तोके बमोजिम प्रतिनिधित्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

घ. समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद – ४
## खेलकुद प्रतियोगिता व्यवस्थापन

**१०. गाउँ खेलकुद समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लब, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।**

**११. गाउँ खेलकुद समिति आफैले वा गाउँ भित्रका टिम, क्लब, संघ संस्था मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।**

**१२. सल्हलाहकार समितिको गठन:**
गाउँ खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद – ५
## गाउँ क्षेत्र भित्रका टिम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

**१३.** बुद्धशान्ति गाउँपालिका भित्रका टिम, क्लब, समिति र संस्था आदिले गाउँ खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रू १०।–, दर्ता शुल्क रू २५०।– सम्बन्धित वडाध्यक्षको सिफारिस सहित निवेदन गर्न आएमा खेलकुद समितिले दर्ता गर्ने निर्णय गरी दर्ता अभिलेख राख्नु पर्नेछ । दर्ता गरिएका टिम, क्लब, समिति र संघ संस्थाले वार्षिक रूपमा रू २५०।– नविकरण शुल्क सहित निवेदन गरी नविकरण गर्नुपर्नेछ ।

**१४. दर्ता भएका टीम, क्लब, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी गाउँ खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।**

**१५. दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरिक्षण गर्नुपर्नेछ ।**

**१६.** गाउँ खेलकुद समितिमा दर्ता भएका टीम, क्लब, संघ संस्थाहरूले गाउँ खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समिति लाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

क. वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रू ५०००।०० देखि रू १००००।०० सम्म,
ख. गाउँ व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रू १००००।०० देखि रू २००००।०० सम्म,
ग. जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रू १५०००।०० देखि रू ३०००० सम्म,
घ. प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगितको लागि (वर्षमा १ पटक) बढीमा रू २००००।०० देखि रू ५००००।०० सम्म ।
ङ. गाउँको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्‍याउने प्रतियोगिताहरूको सम्बन्धमा उपयुक्त ढंगबाट सहहयोग पुर्‍याउने गाउँपालिका समक्ष सिफारिस गरि सक्दो आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

**१७. गाउँ खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ ।**

**१८. गाउँ खेलकुद समितिले टिम दर्ता, निवेदन फारम, नविकरण फारम, प्रशिक्षक र प्रशिक्षार्थी फारम, परिचय पत्र, दर्ता प्रमाण पत्र आदीको ढाँचा निर्धारण गरी लागु गर्नेछ ।**

## परिच्छेद - ६
## खेलकुद, गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**१९.** **गाउँपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।**

**२०.** **खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।**

**२१.** **राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।**

**२२.** **बुद्धशान्ति गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।**

## परिच्छेद - ७
## खेलकुद, गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**२३.** **अन्तर स्थानिय तह लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय कलेजलाई सहभागी गराइनेछ ।**

**२४.** **गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यतवस्थापक लाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।**

१. उपत्यका भित्र भाग लिन जानेको हकमा:

क. प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ ।

ख. प्रतियोगिता खेल अवधी भर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रू ५००।०० का दरले भत्ता उपलब्ध गराइनेछ ।

ग. खेलकुद पोसाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रू ३०००।०० सम्मको सुविधा दिन सक्नेछ ।

२. उपत्यका बाहिर भाग लिन जाने हकमा:

क. प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि खर्च उपलब्ध गराइनेछ ।

ख. प्रतियोगिता खेल अवधी भर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रू ७००।०० दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ग. खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रू ३०००।०० सम्मको सुविधा दिन सक्नेछ ।

घ. प्रतियोगितमा जान आउन सम्भव भए सम्म स्थल मार्ग र सार्वजनिक यातायात प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

**२५.** **गाउँ खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।**

**२६.** **प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन गाउँ खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस**

सहित गाउँ खेलकुद समितिको निर्धारित फारम बुझाई आवेदन दिनुपर्नेछ ।

२७. प्रशिक्षार्थीहरुले फारम शुल्क रु १०।०० मासिक शुल्क रु ५०।०० बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु २००।०० लाग्नेछ ।

२८. प्रशिक्षक सहभागी टीम, क्लब, संघ संस्था र विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्नेछ र फारम शुल्क रु १०।००, दर्ता शुल्क रु ५००।०० लाग्नेछ ।

२९. कुनै खेल प्रशिक्षकको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिनेछ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँ खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधी एक पटकमा बढीमा १ वर्षको लाग हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी गाउँपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामाग्री अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३३. प्रशिक्षकले हप्ताको ६ दिन हुनेगरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ ।

३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँ खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद -९
## गाउँ खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि बुद्धशान्ति गाउँपालिकामा गाउँ खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३७. कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

क. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद ।

ख. विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

ग. खेल प्रशिक्षण अवधिभर उठेको शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।
घ. गाउँ भित्रका टीम, क्लब दर्ता आवेदन शुल्क, नविकरण शुल्क र फारम शुल्क ।

**३८. यस कोषको संचालन गाउँ खेलकुद समितिको निर्णयानुसार हुनेछ ।**

**३९. गाउँ खेलकुद समितिको अध्यक्षले बढीमा रु १०,०००।०० सम्म कोषबाट खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फर्छ्यौट गर्नुपर्नेछ ।**

## परिच्छेद–१०
## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

**४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नुपर्नेछ ।**

**४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्नेभएमा प्रशिक्षकको माग अनुसार गाउँ खेलकुद समितिले कोषबाट मर्मत संभार गर्नेछ । तर रकम अपुग कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत संभारका लागि पठाउनु पर्नेछ ।**

**४२. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न गाउँ खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।**

## परिच्छेद-११
## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

**४३. गाउँ खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुसाशित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरूलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरू देहाय बमोजिम हुनेछ:**

क. गाउँ खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।
ख. यस समितिले विषयगत खेल प्रशिक्षण संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।
ग. यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।
घ. प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।
ङ. प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।
च. प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।
छ. गाउँ खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउनेछ ।
ज. प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।
झ. यस समितिको बठैक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।
ञ. गाउँ खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि बार्षिक कार्यतालिका बनाउनु पर्नेछ ।
ट. अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टिकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।
ठ. अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदन

माथि गाउँ खेलकुद समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

ङ. गाउँ खेलकुद समितिको निर्णयानुसार थपघट वा संसोधन सुधार गर्न सकिनेछ ।

## परिच्छेद -१२

## अनुशासनको कारवाही, दण्ड, सयाज र पुरस्कार

**४४. अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार सहिंता उलघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँ खेलकुद समितिले निलम्बन गर्न सक्नेछ ।**

**४५. वर्ष भरिका उत्कृष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।**